“सुन्दरहरैंचा, [illegible]”

# सुन्दरहरैंचा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ

प्रदेश नं. १, मोरङ

# साप्ताहिक नगर कार्यक्रम

**मिति : २०७४/११/१२ देखि २०७४/११/१७ सम्म सुन्दहरैंचा नगरपालिका भित्र भएका विभिन्न कार्यक्रम तथा निर्णयहरु**

प्रकाशन : **सुन्दरहरैंचा नगरपालिका**

नगरप्रमुखको सचिवालय


फोन नं. : ०२१-५४५८२२, ५४५०५० दमकल : ०२१, ५४६६६६

इमेल : sundarharaichamun.gov.np

वेवसाईट : http://www.sundarharaichamun.gov.np

# हाम्रो बारे

सुन्दरहरैंचा नगरपालिका कार्यालय सम्बन्धि तथ्यांक, अभिलेख, नगरक्षेत्र भित्र हुने विभिन्न कार्यक्रम तथा विविध सूचनाहरु एकीकृत गरी सार्वजनिक जानकारी गराउने उद्धेश्यले नगर साप्ताहिक जानकारी पुस्तिका तयार पारीएको हो । सुशासन तथा सूचनाको हक लगायतका विशेष ऐन नियमहरुबाट सबै सार्वजनिक निकायहरुले जनसरोकारका सूचनाहरु आम नागरिकहरुको पहुँचमा पुर्याउनु पर्ने गरी नेपाल सरकारले गरेको कानुनी व्यवस्था अनुरुप जनसरोकारका सार्वजनिक सूचनाहरु, कार्यक्रमहरु तथा विभिन्न निर्णयहरु पारदर्शी गराउने गहन जिम्मेवारी नगरपालिकामा रहेको छ । यसै जिम्मेवारीको निर्वाह गर्ने क्रममा नगरपालिकाको कार्यक्षेत्रमा रहेका विभिन्न एक साता भरी हुने कार्यक्रम तथा विभिन्न निर्णयहरुलाई सम्बन्धित सबैको जानकारीमा ल्याउने प्रयास यस पुस्तिकामा गरिएको छ ।

यस पुस्तिकामा रहेका जानकारीहरुले सार्ववजनिक निकायको विवरण सार्वजनिक गरि पारदर्शिता र उत्तरदायित्व वहन गर्ने दायित्व पुरा गर्ने पक्ष त छदैंछ साथै नगरपालिका र यस अन्र्तगतका पदाधिकारी र कर्मचारीहरुलाई सन्दर्भ सूचनाहरु उपलब्ध गराई कार्य सम्पादनमा सहजता ल्याउने उद्धेश्य राखिएको छ । साथै उपलब्ध सूचनाहरु नगरपालिकासँग सम्बद्ध आम नागरिक, जनप्रतिनिधि, सेवाग्राहि, विकासका साझेदारहरु र नगरपालिकाको विकास सम्बन्धि अध्ययन, अनुसन्धान र जानकारी राख्नेका लागि पनि उपयोगी हुने अपेक्षा राखिएको छ ।

“सुन्दरहरैंचा, विकासको बगैंचा”

# नगरपालिकाको नाम : सुन्दरहरैंचा नगरपालिका

समावेश भएका साविक नगरपालिकाहरु : कोशीहरैंचा र सुन्दरदुलारी न.पा

जनसंख्या : ८०५६२

क्षेत्रफल : ११०.१६ वर्ग किलोमिटर

केन्द्र : साविक कोशीहरैंचा नगरपालिकाको कार्यालय

वडा संख्या : १२

सीमाना :

पूर्व : बेलबारी न.पा पश्चिम : सुनसरी जिल्ला

उत्तर : केरावारी गा.पा दक्षिण : ग्रामथाम, बुढीगंगा गा.पा

## वडा विभाजन

| वडा नं. | समावेश भएका साविक न.पा | साविक वडा नं. | केन्द्र | घरधूरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | कोशीहरैंचा (हरैंचा) | १३,१४,१५ | साविक हरैंचा गा.वि.स को कार्यालय | १५७१ | ६४८४ |
| २ | कोशीहरैंचा (मृगौलिया) | ८,१०,११ | साविक मृगौलिया गा.वि.स को कार्यालय | १६६६ | ६२५५ |
| ३ | सुन्दरदुलारी (दुलारी) | ८,९ | लक्ष्मिनारायण मन्दिरको सभाहल | १२९१ | ५७४९ |
| ४ | सुन्दरदुलारी (दुलारी) | १०,११ | साविक सुन्दरदुलारी न.पा को कार्यालय | १४४९ | ६२८४ |
| ५ | सुन्दरदुलारी (सुन्दरपुर) | ५,६ | तिनपैनी | १४४२ | ६२५५ |
| ६ | सुन्दरदुलारी (सुन्दरपुर) | ३,४,७ | साविक सुन्दरपुर गा.वि.स कार्यालय | १७४२ | ७५४० |
| ७ | सुन्दरदुलारी (सुन्दरपुर) | १,२ | ठढिया चौक | १५८४ | ७०११ |
| ८ | कोशीहरैंचा (मृगौलिया) | ९,१२ | सलकपुर चिरम स्मृती प्रतिष्ठान | १३३८ | ५२३८ |
| ९ | कोशीहरैंचा (ईन्द्रपुर) | २,३ | बुधबारे बजार क्षेत्र | १८१० | ८०२६ |
| १० | कोशीहरैंचा (ईन्द्रपुर) | १ | हातेमालो सहकारी स्थीत खोर्सानेमा | १९४१ | ९१२९ |
| ११ | कोशीहरैंचा (ईन्द्रपुर) | ५,६,७ | कर्जुना | १९८० | ७१४७ |
| १२ | कोशीहरैंचा (ईन्द्रपुर) | ४ | साविक कोशीहरैंचा न.पा कार्यालय | ११९१ | ५४४४ |
| जम्मा | | | | १९००५ | ८०५६२ |

"सुन्दरहरैँचा, विकासको बगैंचा"

# मिति : २०७४/११/१२ देखि २०७४/११/१७ सम्म सुन्दहरैँचा नगरपालिका भित्र भएका विभिन्न कार्यक्रम तथा निर्णयहरु

| सि.न | कार्यक्रम | मिति | स्थान | सरोकारवाला |
|---|---|---|---|---|
| १ | प्रथम सुन्दरहरैँचा गोल्डकप खेल प्रतियोगीताको समुद्घाटन । | २०७४□११□१२ | प्रस्तावित इन्द्रपुर रंगशाला वडा नं. १० | नगरप्रमुख शिवप्रसाद ढकालज्यूको प्रमुख आतिथ्यातामा उद्घाटन । |
| २ | उत्तरी मोरङका सबै स्थानीय तहहरुसँग शिक्षा ऐनको साझा अवधारणा लागु गर्नका लागि छलफल तथा अर्न्तरकृर्या कार्यक्रम | २०७४□११□१३ | बेलबारी नगरपालिका कार्यालय | उत्तरी मोरङका सबै स्थानीय तहका प्रमुख तथा प्रशासकीय अधिकृतहरुको उपस्थीति |
| ३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत पकेट कार्यक्रमको निवेदन संकलन तथा फिल्ड निरिक्षण | २०७४□११□१३ देखि | सुन्दरहरैँचा नगरपालिकाका सबै वडाहरु | कृषि शाखा |
| ४ | नगरका विभिन्न कृषकहरुलाई तरकारीको बिउँको मिनिकिट वितरण | २०७४□११□१३ देखि | सुन्दरहरैँचा नगरपालिकाको सबै वडाहरु | कृषि शाखा |
| ५ | नगरपालिका भित्र रहेका कृषि समूहहरूको विवरण संकलन | २०७४□११□१३ देखि | सुन्दरहरैँचा नगरपालिकाको सबै वडाहरु | कृषि शाखा |
| ६ | चतरा पीठका पीठेश्वर महाराज श्री कृष्णदासज्यू सुन्दरहरैँचा नगरपालिकाका जनप्रतिनिधि तथा विभिन्न संघ, सस्थाका प्रमुख तथा प्रतिनिधिहरूज्यूहरूको उपस्थितीमा आध्यात्मीक अर्न्तरकृर्या कार्यक्रम | २०७४□११□१७ | हसिना बैठक कक्ष | नगरप्रमुखज्यूको अध्यक्षतामा । |

“सुन्दरहरैँचा, विकासको बगैंचा“